Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

# प्रेस बिज्ञप्ति

नेपाल अधिराज्यभरी छरिएर रहेका आदरणिय ग्राहकहरुलाई अत्याधुनिक बैंकिंग सेवा उपलब्ध गराउने बैंकको नीति अनुरुप यस माछापुच्छे बैंक लिमिटेडले भक्तपुर नगरपालिका ४ कमल बिनायक चोकमा मिति २०६५ साल फाल्गुण १ गते बिहिबारका दिनदेखि बैंकको थप एक शाखा र एक ATM संचालनमा ल्याएको छ। पोखराबाट बैंक कारोवार शुरु गरेको यस बैंकको यो भक्तपुर शाखा २४ औं शाखा हो भने यस शाखामा संचालित ATM बैंकको आफ्नै २४ औं ATM हो । यस भक्तपुर शाखाको आरम्भ देखिनै बैकले आफना ग्राहक महानुभावहरुको लागि २४ घण्टा नै रकम निकाल्न सकिने गरी एटिएम सुबिधा उपलब्ध गराएको छ ।

बैकको भक्तपुर शाखाको कारोवार शुभारम्भको अबसर पारी मिति २०६५ साल फाल्गुण १ गतेदेखि बैकले ५८ बर्ष उमेर पुरा गरेका जेष्ठ नागरिकहरुको सम्मान र आर्थिक शुरक्षाको लागि बिभिन्न आकर्षक सुबिधाका साथ **" सम्मान बचत खाता "** संचालनमा ल्याएकोछ। यस अर्न्तगत निम्न सुबिधा रहेको छ।

१) रु ५०० मा खाता खोल्न सकिने २) बार्षिक ६ प्रतिशत ब्याज ( मासिक न्युनतम मौज्दातमा ) ३) Free ATM कार्ड * ४) सेफ डिपोजिट लकर चार्जमा ५० प्रतिशत छुट ५) Travellers Cheque मा ५० प्रतिशत छुट ६) चेकबुक उपलब्ध हुने ७) Free SMS Banking ८) खाताबालको Telephone Bill को मासिक बिल भुक्तानी सेवा बैकले निशुल्क उपलब्ध गराउने ९) Free Internet Banking

यस अधि यस बैकले पोखराको नयाँ बजार, बगर बजार, रामबजार, लेकसाईड, महेन्द्रपुल, दमौलि, बालिङ., बेनी, दुलेगौडा, आँबुखैरेनी, ईलाम, धनकुटा, ईटहरी, भैरहवा, बुटवल , नारायणगढ, पुतलिसडक, न्यूरोड, ललितपुरको ग्वार्को , बनेपा लगायतका स्थानमा आफनो शाखाहरु स्थापना गरी ग्राहक महानुभावहरुमा Full Fledged Banking सेवा प्रदान गरीरहेको छ । यस बैंकको २३ बटा शाखा कार्यालयको अतिरिक्त काठमाण्डौको थापाथलिमा स्थापना गरेको एक्स्टेन्सन काउण्टरबाट निक्षेप संकलन तथा भुक्तानी सेवा उपलब्ध गराईरहेकोछ

आगामी दिनमा देशका बिभिन्न भूभागमा बसोबास गर्ने ग्राहक महानुभावहरु समक्ष अत्याधुनिक बैंकिंग सेवा पुयाउन नेपालगंज, धनगढी ,महेन्द्रनगर (कंचनपुर), दाड.को तुल्सीपुर, सुर्खेत , बाग्लुड र काठमाण्डौंको बौद्धमा यसै आर्थिक बर्ष भित्र थप शाखा बिस्तार गर्ने योजना रहेको राखेको छ भने बैकले चालु फाल्गुण महिना भित्रनै पोखराको लेखनाथ चोक, बिराटनगर, धादिड.को गजुरी बजार, भक्तपुरको ठिमी, काठमाण्डौंको स्वयम्भू क्षेत्रमा आफ्नो शाखा कार्यालय संचालनमा ल्याउने भएको छ।

पोखराको नयाँ बजारमा बैकको प्रधान कार्यालय आफनै स्वामित्वमा रहेको भवनबाट संचालित रहेको छ भने कर्पोरेट कार्यालय आफनै भवनमा संचालन गर्न काठमाण्डौंको लाजिम्पाटमा एक अत्याधुनिक भवन खरिद गरी आबश्यक निर्माण कार्य तिब्रताका साथ सम्पादन गरिरहेको छ । बैकले बाग्लुडमा शाखा कार्यालय

संचालन गर्न र तनहुँको दमौलि बजारमा संचालित शाखा कार्यालयको लागी दमौलि बजारमा आफ्नै भवन निर्माण कार्य प्रारम्भ गरीसकेको छ भने हिमालपारीको मुस्तांगको जोमसोममा आफ्नै भवनबाट ATM सेवा सहितको अत्याधुनिक बैंकिंग सेवा पुऱ्याई रहेको छ र भैरहवामा आफ्नै जग्गा खरिद गरी भवन निर्माणको प्रारम्भिक कार्य शुरु गरिसकेकोछ ।

बैंकले आाफ्नो ग्राहकहरुलाई २४ सै घन्टा निक्षेपको भूक्तानी लिन सक्ने सेवा प्रदान गर्न हालसम्म काठमाण्डौको ९ स्थानमा, पोखराको ५ स्थानमा , सुनसरीको इटहरी १ स्थानमा , बिरगंजको आदर्शनगर १ स्थानमा, तनहुँको दमौलि बजारमा १, बुटवल बजारमा १, नारायणगढमा १, भैरहवामा १ , ईलाम बजारमा १, बनेपामा १, कुरिनटार ( चितवन) मा १, गरी २३ स्थानमा यस अघिनै आफ्नै ATM संचालनमा ल्याईसकेको छ भने SCT Network को जोमसोम तथा काठमाण्डौंको १ । १ स्थानमा Cash Management गरेको समेत गरी २५ वटा ATM संचालनमा राखेको छ भने निकट भविष्यमा थप १० ATM जडान गर्ने लक्ष रहेकोछ । यस बैंकको ATM मा यस बैंकबाट जारी भएका ATM Card प्रयोग गरी कारोबार गर्दा ग्राहकले कुनै पनि शुल्क तिर्नु पर्दैन । यस बैंकको ATM मा **SCT Card** को अतिरिक्त अन्तर्राष्टिय मान्यता प्राप्त कार्डहरु **Visa Card, Visa Electron, Visa Plus, Master Card, Master Card Maestro** र **Cirrus Card** समेत प्रयोग गर्न सकिन्छ । साथै, बैंकले आफ्नै **Visa Card** नयाँ बर्ष २०६६ को शुरुवातसंगै निष्काशन गर्ने तयारी गरिरहेकोछ ।

बैंकले ग्राहकमहानुभावहरुको आवश्यक्ता तथा सुबिधालाई ध्यानमा राखि हाल विभिन्न प्रकारका वचत परिचालन कार्यक्रम संचालन गरिहेकोछ । जस अनुसार साधारण बचत खाता, रोयाल बचत योजना, महिलाहरुको लागि पेवा बचत योजना, यूवाहरुको लागि यूवा बचत योजना , बैंकको शेयरधनी महानुभावहरुको लागि शेयरधनी बचत खाता तथा बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाका कर्मचारीहरुको लागि बिभिन्न आकर्षक सुबिधाहरुकासाथ तलब ब्यबस्थापन योजना मार्फत आफ्ना वचत परिचालनका सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

यस बैंकले बिदेशमा रहेका नेपालीहरुको आर्जन स्वदेशमा रहेका परिवारजनहरु समक्ष छिटो र सजिलो किसिमले पुयाउन Western Union, Money Gram, Bahrain Financing, Habib Qatar International Exchange, Liberal Money Express, Modern Money Express, Ceylinco Fast Cash, Prabhu Money Transfer, Xpress Money Service Limited, IME, Krishi Premura , UAE Exchange, Crystal worldwide Money Express, Himal remit आदि संग सहकार्य गरीरहेको छ ।

रु. १ अरव ३१ करोड ४६ लाख चुक्ता पुंजी रहेको यस बैंकले २०६५ साल माघ २८ गते सम्ममा निक्षेप संकलन रु.१२ अरव ५७ करोड, कर्जा सापट रु. ११ अरव १७ करोड तथा लगानी रु. १ अरव ३४ करोड रहेको छ ।

मिति : २०६५/११/०१ बिहिवार

* शर्त लागु हुने